# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


सुपरिवेक्षण तथा अनुसन्धान विभाग

प.सं : ०७५।७६

च.नं : १३३६

मिति : २०७५।११।१०

श्री सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरु

**विषय: ज्ञापन पत्र सम्बन्धमा ।**

प्रतिनिधि सभाको अर्थ समितिले मिति २०७५।११।७ मा आयोजना गरेको पूँजी बजारमा देखिएको समस्या सम्बन्धी छलफल कार्यक्रममा नियमक निकायको तर्फबाट बोर्डका अध्यक्षज्यूले धितोपत्र दलाल व्यवसायीहरु प्रतिस्पर्धी हुनुपर्ने, व्यवसायको पहुँच विस्तार गर्नुपर्ने लगायतका धितोपत्र व्यवसाय तथा बजारको विकास तथा विस्तारका सम्बन्धमा दिनुभएको अभिव्यक्तिलाई अन्यथा रुपमा मिति २०७५।११।९ मा सम्पूर्ण धितोपत्र दलाल व्यवसायीले बोर्डमा दिएको ज्ञापन पत्रको सम्बन्धमा लेखिदै छ ।

नेपाल सरकारद्वारा गठित मुद्रा तथा पूँजी बजार सम्बन्धी सुझाव समितिको प्रतिवेदन अनुसार पूँजी बजार सम्बन्धी सुझावहरु कार्यान्वयन गरी पूँजी बजारको विकासमा बोर्ड अगाडि बढिरहेको छ । यसैक्रममा धितोपत्र दलाल व्यवसायीलाई गुणात्मक र प्रतिस्प्रर्धी बनाई बजार विस्तार गर्ने सन्दर्भमा विद्यमान कानूनी व्यवस्था तथा नेपाल सरकारको निर्देशन बमोजिम धितोपत्र व्यवसायीको कार्यक्षेत्र विस्तार गर्ने र बैंकको सहायक कम्पनीलाई धितोपत्र दलाल व्यवसायको लाइसेन्स दिने सहितका सुधारका कार्यहरु सम्बन्धित निकायहरुबाट अगाडि बढिरहेकोमा नियमन निकाय, धितोपत्र दलाल व्यवसायी तथा अन्य सरोकारवालाहरु बीच भ्रम/असमझदारी सिर्जना नहोस् भन्नेतर्फ सजग भई आगामी दिनहरुमा सबै सरोकारवालासँग समन्वय गरी अगाडि बढ्दै जानु पर्ने कुरामा जोड दिँदै संयमित भई बजार विकासमा अगाडि बढ्नु हुन अनुरोध गरिन्छ ।

बोधार्थ

श्रीमान् अध्यक्षज्यूको कार्यालय

श्री नियमन तथा व्यवस्थापन विभाग

(परिष्टनाथ पौड्याल)

कार्यकारी निर्देशक